लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बर्दिया

गुलरिया, बर्दिया

फोन/फ्याक्स कार्यालय : ०८४-४२०१५६
ईमेल ठेगाना: dfobardiya@gmail.com

प.सं. २०८२।०८३ (वन व्यवस्थापन शाखा) मितिः २०८३।०२।०४

च.नं. ४६८८

विषयः सूचना अपलोड गरी सो को जानकारी उपलब्ध गराइदिने सम्बन्धमा ।

श्री वन तथा वातावरण मन्त्रालय,

राप्ती उपत्यका (देउखुरी), नेपाल ।

श्री वन निर्देशनालय,

बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा जनसेवा माध्यमिक विद्यालय बारबर्दिया न.पा.-१०, बर्दियाको प.सं. २०८२।०८३, च.नं २७५, मिति २०८३।०२।०१ को पत्रसाथ प्राप्त पहिलो पटक काठ र दाउरा लिलाम विक्री सम्बन्धि सूचना पाना २ मिति २०८३।०२।०४ गते यस कार्यालयमा प्राप्त भएकोले सो विद्यालयको माग अनुसार ताहाँको वेबसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिनु हुन सादर अनुरोध छ ।

विजयराज सुवेदी

सिनियर डिभिजनल वन अधिकृत

बोधार्थः-

श्री जनसेवा माध्यामिक विद्यालय,

बारबर्दिया न.पा.-१०, बर्दियाः त्यस विद्यालयवाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेबसाइटमा समेत राखिएको व्यहोरा अनुरोध छ ।

School Code=68025, NEB Code. 5811,EMIS Code 580080011, CTEVT Code 586

# श्री जनसेवा माध्यमिक विद्यालय

## SHREE JANASEWA SECONDARY SCHOOL

बारबर्दिया न.पा. १० बैदी, बर्दिया

BARBARDIYA MUNICIPALITY 10 BAIDI, BARDIYA

स्थापित: २०२२

PAN No. 201524398 ESTD:2022

प.सं.(Ref)२०८२/०८३

चलानी नं. Issue No. 265

मिति (Date): २०८३/०२/०१

श्री मान कार्यालय प्रमुख ज्यू,
डिभिजन वन कार्यालय, बर्दिया ।

विषय : सुचना सम्प्रेषण सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयको आवादी क्षेत्र अर्न्तगत कि.नं.७२८ क्षेत्रबाट आ.व.२०८२/०८३ मा काठ दाउरा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात, ग्रेड र परिमाणको काठ दाउरा प्रति इकाइ दर रेटमा लिलाम विक्री गर्नु पर्ने भएकोले लिलाम विक्रीको सुचना त्यस कार्यालयको सुचना पार्टी तथा वेभसाइडमा सुचना सम्प्रेषण गरिदिनुहुन अनुरोध छ साथै विज्ञापन यसै साथ पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

रण बहादुर चौधरी
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

वि.व्य.स.अध्यक्ष

नारायण दत्त पौडेल
प्रधानाध्यापक
प्रधानाध्यापक

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं. :- 6025
मिति :- 083/2/18

विद्यालय कोड नं.६८०२५,रा.प.बोर्ड कोड नं.५८११,EMIS Code 580080011,CTEVT Code586

# श्री जनसेवा माध्यमिक विद्यालय

## बारबर्दिया न.पा. १० बैदी, बर्दिया

प.सं. २०८२/०८३

चलानी नं.

मिति :२०८३/०१/३०

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०१।३०

यस जनसेवा माध्यमिक बिधालय बारबर्दिया न. पा. १० , बैदी , बर्दियाको आबादी छेत्र अन्तर्गत कि. न . ७२८ क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात , ग्रेडको जात र परिमाणको काठादाउरा प्रति ईकाई दररेटमा लिलाम बिकी गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक संघ संस्था , फर्म वा कम्पनीले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस कार्यालय बाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस बिद्यालय बारबर्दिया न.पा. वडा नं. १० बैदि बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१. वन पैदावारको बिवरण:-

| वन पैदावार | | | | | | मुल्याङ्कन रू | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | ग्रेड | किसिम | थान | परिणाम घ.फिट | न्युनतम मुल्य रू | संकलन खर्च |
| १ | सिसै | A | गोलिया | २३ | २३९।९० | ७०० | काठ संकलन खर्च प्रति क्युबिक फुट रू १२८ र दाउरा प्रति चट्टा रू ९००० ले हुन आउने रकम साकार कर्ताले ब्यहोर्ने छ । |
| | | B | गोलिया | ३७ | १०४।९० | ५०० | |
| २ | जामुन | A | गोलिया | ३ | ४५।१७ | ४०० | |
| | | B | गोलिया | १ | ६।१० | ३०० | |
| | | C | गोलिया | २६ | ९९।८८ | १०० | |
| | दाउरा | | | | ०।५ चट्टा | ८००० | |

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०२।२० (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस बिद्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००००२२३००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारमको रु. १०००/- पछि फिर्ता नहुनेगरी तिरी यस बिद्यालय बाट लिन सकिने छ ।

५. लिलाम बढाबढ हुने बन पैदावार कार्यालय खुलेको समय दिनको ४:०० बजे भित्र बिद्यालय क्षेत्रमा गई हेर्न सकिनेछ।

प्रधानाध्यापक

वि.व्य.स.अध्यक्ष

विद्यालय कोड नं.६८०२५,रा.प.बोर्ड कोड नं.५८११,EMIS Code 580080011,CTEVT Code586

# श्री जनसेवा माध्यमिक विद्यालय

बारबर्दिया न.पा.-१० बैदी, बर्दिया

प.सं. २०८२/०८३

चलानी नं.

मिति :२०८३/०१/३०

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिवृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि , स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।२१ गते दिनको १:०० बजे जनसेवा मा बि बैदी बर्दियामा साक्षीहरुको रोहवरमा खोलिने छ । बोल पत्र खोल्दा फर्मको प्रोपाइटर वा प्रतिनिधी, विद्यालय व्यवस्थापन समिती, जन प्रतिनिधी, वन कर्मचारी, यस नगर भित्रको निजामति कर्मचारीको उपस्थितीमा बोल पत्र खोलिने छ । यदि कुनै पनि फर्मको प्रोपाइटर वा प्रतिनिधीको अनुपस्थिती भएमा बोल पत्र खोल्न बाधा पुग्ने छैन ।

८. उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेखुपर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०. प्रस्तुत बोलपत्रको सम्बन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस बिद्यालयमा निहित रहनेछ ।

१३.अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

नारायण दत्त पौडेल
प्रधानाध्यापक
९८६९९८९१११९

प्रधानाध्यापक

रण बहादुर चौधरी
अध्यक्ष बि.ब्य.स.
९८४८१३२३७६

२०८३/१/३०

वि.व्य.स.अध्यक्ष